प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०० ॥ २०८१ पुष ०६ गते शनिबार (21st Dec 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

## झापा र झापालीको विरुद्धमा नबोल्न चेतावनी

झापा(प्रस)। झापा र झापालीको विरुद्धमा नबोल्न झापाली समाज अष्ट्रेलियाले चेतावनी दिएको छ । अष्ट्रेलियामा रहेका एकजना युवकले झापाका बारेमा नकारात्मक कुरा गरेपछि आन्दोलित बनेको झापाली समाज अष्ट्रेलियाले भविष्यमा त्यस प्रकारका घटना दोहोरिएमा कानूनी उपचारका लागि जान बाध्य हुने चेतावनीसमेत दिएको छ । ती युवकले टिकटकमा बोलेको नकारात्मक कुरालाई लिएर शुक्रवार विहान ७.३० बजे अष्ट्रेलियाको मेलवर्नमा छलफल डाकिएको थियो । बैठकमा झापाली समाज अस्ट्रेलियाका प्रतिनिधिहरू र घटनामा संलग्न सबै पक्षको उपस्थितिमा गहन छलफल भएको छ। सौहार्दपूर्ण वातावरणमा दुबै पक्षबाट आफ्ना कुरा स्पष्ट रूपमा प्रस्तुत गरी एकअर्कामा उठेका चासो र गुनासाहरूलाई समाधानका लागि उचित कदम उठाउने निष्कर्षमा पुगिएको समाजका अध्यक्ष अशोक उप्रेती र महासचिव ज्योति सिटौलाले विज्ञप्तिमार्फत जनाएका छन् । उनीहरुका अनुसार भएका त्रुटिको आत्मालोचना गर्दै




भविष्यमा भिडियो सामग्री निर्माण गर्दा निर्माणकर्ताले समाजप्रति जिम्मेवार भई कुनै पनि समुदाय र क्षेत्रलाई आघात एवम् मर्माहत पर्नेगरी गर्न नहुने र समाजले पनि सरोकारबालाबिच पहिले समस्या समाधानबारे पर्याप्त छलफल गरी अन्तिममा मात्र कानुनी उपचार रोज्नुपर्ने निष्कर्ष निकालिएको छ। बैठकका सहभागीहरुले आउने दिनहरुमा यस्ता घटनाहरूको पुनरावृत्ति नहोस् भन्ने प्रतिबद्धतासमेत जनाएका छन् । अष्ट्रेलियाको मेल्वर्न शहरमा हालै सामाजिक संजाल (टिकटक) मार्फत झापाली समुदाय एवम् क्षेत्रलाई लक्षित गरेर केहि आपत्तिजनक शब्दहरू प्रयोग गरी केही भिडियोहरू बनाइएको थियो । त्यसपश्चात् भिक्टोरिया च्याप्टरका संयोजकले पदीय हिसावले गरेका वार्तालाप, ईमेल संवादहरू र यसैलाई आधार बनाई सत्यतथ्य र घटनाको मूल कारणलाई ओझेलमा पार्दै केही संचारमाध्यमबाट आएका झापाली लक्षित समाचारहरूवारे आफ्नो गम्भीर ध्यानाकर्षण भएको झापाली समाज अष्ट्रेलियाले जनाएको छ ।

'समाजिक संजाल प्रयोगकर्ताहरुले संजाललाई प्रयोग गर्दा व्यक्तिगत स्वतन्त्रतालाई ध्यानमा राख्दै कुनै पनि समुदाय, वर्ग, क्षेत्र, समूहलाई लक्षित गर्दै सामाजिक सद्भावलाई मर्माहत गर्ने कार्य गर्नुहुँदैन । अष्ट्रेलिया बहुसांस्कृतिक एवम् सबै वर्ग, क्षेत्र, समुदायलगायतलाई उच्च सम्मान गर्ने देश हो र हामी यहाँका बासिन्दा भएकाले पनि हामी सबैले यसको उच्च सम्मान गर्नु पर्छ 'विज्ञप्तिमा भनिएको छ ।

यो घटनाले गर्दा सम्पूर्ण व्यक्ति, परिवार, झापाली समुदाय र समाजका शुभचिन्तकहरूप्रति पर्न गएको असरलाई गम्भिरतापूर्वक लिँदै सबैमा परेको अन्योलतालाई अन्त्य गरी आपसी सद्भाव कायम गरिएको जनाइएको छ । साथै समाजमा नकारात्मक सन्देश जाने भिडियोहरूलाई सामाजिक संजालबाट हटाइदिन सम्बन्धित सबै पक्षलाई आग्रह गरिएको छ ।

अष्ट्रेलियामा वसोवास गर्दै आएका झापालीहरु सम्मिलित समग्र झापा र नेपालको समुन्नतिका लागि सामाजिक कार्यमा सहयोगी संस्थाको रुपमा विगत ११ वर्षदेखि झापाली समाज अष्ट्रेलिया क्रियाशील रहेको छ ।

## दुर्गा प्रसाईं रिहा

झापा(प्रस) ।सर्वोच्च अदालतको आदेशबमोजिम मेडिकल व्यवसायी दुर्गा प्रसाईं रिहा भएका छन् । उनी संगठित अपराध र आपराधिक लाभ लिन नहुने कसुर गरेको अभियोगमा केन्द्रीय प्रहरी घण्टाभित्र अदालतमा उपस्थित गराउनु भनी सर्वोच्चले बिहीबार आदेश गरेको थियो । त्यसबमोजिम नै उनलाई प्रहरीले शुक्रबार अदालतमा उपस्थित गराएको थियो । उनले आफू साइबर अपराधमा धरौटीमा रिहा भए पनि प्रहरीले दुःख दिने मनसाय राखेर पुनः पक्राउ गरेकाले साधारण तारेखमा रिहा गर्न माग गरेका थिए । सोहीअनुसार सर्वोच्चले




अनुसन्धान ब्युरोमा थिए ।
उनलाई छोरा निराजनको जिम्मा लगाएर छोडिएको सीआईबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले बताए ।
प्रवक्ता बोगटीका अनुसार उनलाई आइतबार हाजिर जमानीका लागि बोलाइएको छ । त्यसपछि मात्रै उनलाई कति-कति दिनमा हाजिर गर्न आउनु पर्ने भन्नेबारे निर्णय हुने बताए ।
हिरासतमा रहेका प्रसाईंलाई २४ छिनछिनमा औषधि खाइरहनु पर्ने र पूर्ण आराम गर्नु पर्ने अवस्थाका क्यान्सरका रोगी आफ्ना बाबुलाई रिहा गरी पाऊँ भनी प्रसाईंका छोरा निराजनले सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गरेका थिए । सोही निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले बिहीबार २४ घण्टाभित्र प्रसाईंलाई उपस्थित गराउन प्रहरीका नाममा आदेश जारी गरेको थियो । उनको निवेदन बमोजिम पक्षमा रिट जारी गरेको हो। प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध समेत भ्रम फैलाएको भन्दै प्रहरीले प्रसाईंलाई पक्राउ गरेको थियो । सो मुद्दामा अदालतले उनलाई धरौटीमा रिहा गर्न आदेश दिएपनि प्रहरीले व्यापारीलाई धम्क्याएको आरोपमा अदालतबाट जारी भएको अर्को पक्राउ पुर्जीको आधारमा फेरि पक्राउ गरेको थियो ।

## ऋण नतिरेका दुर्गाको विपक्षमा अदालतको फैसला

झापा(प्रस) । ऋण असुली प्रक्रिया रोक्न जिल्ला अदालतमा मुद्धा हाल्दै आएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंको विपक्षमा फैसला आएको छ । उच्च अदालत विराटनगर, इलाम इजलासले बैंकहरुविरुद्ध हालेको रिट मंगलवार खारेज गरिदिएको हो । पूर्वाञ्चल क्यान्सर हस्पिटलको नाममा विभिन्न चारवटा बैंक र वित्तीय संस्थाको ऋण प्रसाईंले तिरेका छैनन् । बैंकले ऋण असुलीका निम्ति ताकेता गर्दा अदालत गएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंको रिट खारेज भएको हो । बैंकले ऋण असुल गर्न ताकेता गरेपछि प्रसाईंले उच्च अदालत विराटनगर, इलाम इजलासमा निषेधाज्ञाको मागसहित रिट दायर गरेका थिए ।
मंगलबार मुख्य न्यायाधीश विपुल न्यौपाने र न्यायाधीश काजीबहादुर राईको इजलासले उक्त रिट खारेज गरिदिएको हो । गत वर्ष झापा जिल्ला अदालतले भने बीएण्डसी अस्पताल मेडिकल कलेज सञ्चालनमा आएपछि मात्र ऋण तिर्न सम्बन्धित बैंकलाई आदेश दिएको थियो ।पूर्वाञ्चल क्यान्सर अस्पतालका लागि दुर्गा प्रसाईंले चार वटा बैंकबाट २ अर्बभन्दा बढी ऋण लिएका छन् । रिट खारेजसँगै बैंकलाई ऋण असुलीको बाटो फुकेको छ । ऋण असुली नभए बैंकले प्रसाईंको पूर्वाञ्चल क्यान्सर अस्पताल लिलामसमेत गर्न सक्ने जनाइएको छ ।

## तुलसादेवीले एउटै सिजनमा गरिन् लाखौंको सहयोग

शिवसताक्षी(प्रस)। सामाजिक र धार्मिक कार्यमा समर्पित तुलसादेवी ओलीले जाडोको कठ्यांग्रिँदो मौसममा विपन्न परिवारका विद्यार्थीलाई न्यानो लुगा वितरण गर्दै मानवीय सहयोग गरेकी छन्।
झापाको शिवसताक्षी नगरपालिका वडा नम्बर ४ सालमाराका १३० जना विद्यार्थीलाई उनले बुधवार जाडोमा आवश्यक न्यानो लुगा (ट्र्याक सुट ) प्रदान गरिन्। परिवारका सदस्यसहित विद्यालय हातामै पुगेर उनले सामग्री प्रदान गरेको विद्यालयका प्रधानाध्यापक दिलिप ताजपुरियाले बताए । कार्यक्रममा विद्यालयका शिक्षक, अभिभावक र स्थानीय जनप्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो।
यो सिजनमा मात्र ओलीले करिब १० लाख बराबरको आर्थिक सहायताका गरेकी छन्। जिल्लाका शिवसताक्षी, कन्काई, भद्रपुर र अर्जुनधाराका सामुदायिक तथा फरक क्षमता भएका आश्रमका विद्यार्थीहरूलाई उनले सहयोग प्रदान गरेकी हुन् ।
ओलीले यसअघि शिवसताक्षी ४ को त्रिभुवन माध्यमिक विद्यालयका २५ जना विपन्न विद्यार्थीका अभिभावकलाई खाद्यान्न र विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेर असल दाताको उदाहरण प्रस्तुत गरेकी थिइन्।
यस्तै अर्जुनधारा नगरपालिका अपाङ्ग बाल सरोकारका १३ जना, कन्काई नगरपालिकाको सुस्त मनस्थिति केन्द्रका १३ जना र पुकार अपाङ्ग संस्था कन्काईकै १५ गरी ४१ जना फरक क्षमता भएका बालबालिकालाई ट्र्याक सुट प्रदान गरेकी थिइन् । ती सामग्रीसंगै उनले १५० किलोग्राम चामल, १५ किलोग्राम दाल, १५ किलोग्राम चिउरा, ९ लिटर तेल र नौ किलोग्राम भुजा प्रदान गरेकी थिइन् ।
तुलसादेवीले आफ्नो जन्मदिन, दिवंगत पितृहरूको सम्झना र वर्षको कुनै एक महत्वपूर्ण दिनको अवसर पारेर समाजका विभिन्न क्षेत्रमा रहेका व्यक्ति वा संस्थालाई आवश्यक आर्थिक सहयोग र जिन्सी सामग्री प्रदान गरेकी छन्।
शिवसताक्षी नगरको वडा नम्बर ९ स्थित जिल्लागढ पोखरीमा २५० जना अटाउन सक्ने सभाहलका लागि ओली परिवारले निर्माण कार्य थालनी गरेको छ। तुलसादेवी ओली रुद्र- गौरी श्री -अम्बिका ओली



प्रतिष्ठान नेपालका संस्थापक केन्द्रीय सदस्य हुन् । आफ्नो परिवारको आम्दानीको दशांश समाजसेवामा खर्च गर्ने उनको पूर्वयोजना हो ।
करिब दुई दशकदेखि समाजसेवामा खटिएकी ओली रुद्र- गौरी श्री -अम्बिका ओली प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष, समाजसेवी यज्ञराज ओलीकी धर्मपत्नी हुन् । ओली दम्पतीका सबै छोरा बुहारी, छोरी ज्वाइँ डाक्टर हुन् ।
तुलसादेवी एक्लैले सताक्षीधामको गोलोक गोवर्धन गौशालाले सञ्चालन गरेको श्री सताक्षी गुरुकुलमका लागि १ लाख ५१ हजारको अक्षय कोष स्थापना गरेकी छन् । उनी अक्षय कोषकी पहिलो दाता हुन् ।
उनले विपन्न वर्गका बालबालिकाको शैक्षिक जीवनमा केही सहजता ल्याउने उद्देश्यले आफूले यस्ता कार्यक्रम सञ्चालन गरेको बताइन्। "शिक्षा सबैका लागि समान हुनुपर्छ। विपन्न विद्यार्थीलाई सहयोग गरेर उनीहरूलाई पनि आत्मविश्वासी बनाउनु मेरो प्राथमिकता हो," उनले भनिन्।
विद्यालयका प्रधानाध्यापक ताजपुरियाले तुलसादेवी ओलीको योगदानको प्रशंसा गर्दै भने, 'यस्तो सहयोगले विद्यार्थीहरूलाई केवल न्यानो मात्र हैन, उनीहरूको मनोबल पनि बढाउने काम गर्छ।' तुलसादेवी ओलीलगायतका परिवारका अन्य सदस्यको यस कर्मका लागि पुर्याएको योगदानको जति प्रशंसा गरेपनि कम हुने प्रधानाध्यापक ताजपुरियाले बताए ।
विपन्न बालबालिकाको हितमा निरन्तर क्रियाशील ओलीले यसअघि पनि शैक्षिक सामग्री, स्टेशनरी र छात्रवृत्तिका कार्यक्रमहरू सञ्चालन गर्दै आएकी छन्। स्थानीय समुदायले पनि उनको सहयोगको प्रशंसा गरेका छन्।
शिवसताक्षी नगरपालिकाका नगर प्रमुख मेगाहाङ थोप्रा, उपप्रमुख नरमाया कार्की, वडा नम्बर ४ का वडा अध्यक्ष विष्णुप्रसाद प्रसाई, कांग्रेस नेता परशुराम ढुङ्गाना, भक्ति सिटौला, शिवसताक्षी नगर महिला सञ्जालकी उपाध्यक्ष कल्पना चौलागाईंलगायतले तुलसादेवीको प्रशंसा गरेका थिए । शिवसताक्षी नगरमा रुद्र गौरी श्री अम्बिका ओली प्रतिष्ठान झापाले पुर्याएको योगदानको आफूले नजिकबाट हेरिरहेको नगर प्रमुख थोप्राले बताएका छन्। उनले भने,'नगरको शिक्षा क्षेत्रमा उहाँ लगायत उहाँका परिवारको अतुलनीय योगदान रहेको नगरपालिकाले महसुस गरेको छ। सामाजिक सेवामा सक्रिय तुलसादेवीको सहयोगी स्वभावको जति नै प्रशंसा गरेपनि थोरै हुन्छ।' नगर प्रमुख थोप्राले भविष्यमा पनि यस्तै कर्म गर्ने प्रेरणाका लागि ओलीलाई शुभकामना दिए ।

समाजमा धेरै प्रकृतिका समाजसेवी हुन्छन् । विपन्नको तस्बीर वा चित्र देखाएर माग्ने ,मागेको पैसा तिनै विपन्नलाई बाँड्ने र फेरि बाँडेको तस्बीर वा भिडियो देखाएर फेरि माग्ने अनि खाने प्रकृतिका सामाजिक अभियन्ताले ओली प्रतिष्ठान र तुलसादेवी ओलीबाट धेरै कुरा सिक्नुपर्ने वक्ताले बताएका छन्।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेश तामाङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत विद्यालयका प्रधानाध्यापक ताजपुरिया र सहजीकरण पत्रकार विनोद सापकोटाले गरेका थिए।

## श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लि.

शिवसताक्षी ८, झिलझिले झापा

### १८ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारेको सूचना

प्रस्तुत विषयमा यस संस्थाको संचालक समितिको निर्णय अनुसार १८ औं वार्षिक साधारण सभा मिति २०८१-०९-१५ गते केन्द्रिय कार्यालयमा उद्घाटन हुने र सबै इकाईहरुमा साधारण सभा सम्पन्न गर्न तपशिल अनुसारको मिति, समय र स्थानमा सम्बन्धित सेवाकेन्द्र अन्तर्गतका सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि अनुराध गर्दछौं । मिति २०८१-०९-१७ गते सम्पन्न हुने व्यहोरा सबे शेयर सदस्यहरुमा जानकारीको लागि अनुरोध गर्दछौं । उपस्थितिका लागि शिवसताक्षी झिलझिले मा.वि.को सभाकक्ष

**तपशिलः**

| क्र.सं. | मिति | ठेगाना | स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८१-०९-१५ | शिवसताक्षी ८, झिलझिले | उद्घाटन कार्यक्रम | १०-०३ बजेसम्म |
| २ | २०८१-०९-१५ | शिवसताक्षी ८, झिलझिले | सेवाकेन्द्रहरुको हकमा क्रमश जनता, मंगलबारे, सुरुङ्गा, दमक, केरखा सेवाकेन्द्रहरुमा उपस्थित हुन वा केन्द्रिय कार्यालय झिलझिलेमा समेत उपस्थित हुन सकिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं | १०-०३ बजे |
| ३ | २०८१-०९-१७ | शिवसताक्षी ८, झिलझिले | समापन कार्यक्रम केन्द्रिय कार्यालय झिलझिलेमा संस्थाको भवनमा | १०-०३ बजे |

नोट : सम्पूर्ण सेवाकेन्द्रहरुका छनौट प्रतिनिधिहरुले मिति २०८१ -०९-१७ गते अनिवार्य उपस्थितिको लागी अनुरोध छ ।

... प्रसाद ओली
कार्यकारी प्रमुख

मोहन प्रसाद मैनाली
अध्यक्ष

# एक खर्ब चार अर्ब ८५ करोडका ३७ योजना प्रस्तुत हुँदै




झापा(प्रस)। कोशी प्रदेश सरकारले आउँदो माघ ११ गतेदेखि पहिलो पटक प्रदेशस्तरमा लगानी सम्मेलन गर्दैछ। उक्त सम्मेलनका लागि कोशी प्रदेश लगानी प्राधिकरणले ३७ वटा आयोजना सोकेसमा राख्ने भएको छ। लगानी प्राधिकरणका सीईओ डाक्टर सरोज कोइरालाले प्रदेश सभाको सुशासन तथा योजना समितिमा प्रस्तुत गरेको पावर पोइन्ट प्रस्तुतिमा जनाइए अनुसार ती ३७ आयोजनाको लागत एक खर्ब चार अर्ब ८५ करोड रुपैयाँ छ।सोकेसमा राख्न लागिएका आयोजनामा अहिले सरकारले निर्माण गरिरहेको कोशी रिफ्रेसमेन्ट सेन्टरदेखि नाम नसुनिएका तर आकर्षक लाग्ने योजना पनि छन्। प्रस्तुत गरिएको विवरण अनुसार २ अर्ब ५१ करोडका ६ वटा कृषिसँग सम्बन्धित प्रोजेक्ट छन्।

यस्तै १ अर्ब १७ करोडका २ वटा जलविद्युत् आयोजना, ६२ अर्ब ६५ करोड बराबरका ८ उद्योग, २४ अर्ब ४३ करोड बराबरको पूर्वाधार निर्माण, ४७ करोडको डाटा सेन्टर, फोहोर व्यवस्थापनका लागि ५० करोडको एउटा आयोजना, १३ अर्ब १२ करोड बराबरको ११ वटा पर्यटनसम्बन्धी आयोजना छन्।

# अग्रसेन भवनको वार्षिक उत्सवमा कार्यशाला

बिर्तामोड(प्रस) ।अग्रसेन भवन बिर्तामोडको २५ औं वार्षिक उत्सवअन्तर्गत प्रेरणादायक वक्ता, आध्यात्मिक उपचारक मोनिका सिंघलको मानव जीवनमा उत्प्रेरणा अभिवृद्धि कार्यशाला सम्पन्न भएको छ। अग्रसेन भवन कार्यसमितिले सहजीकरण गरेको कार्यक्रममा मारवाडी समुदायका ११ वटा सामाजिक संघ संस्थाहरूले समारोहको व्यवस्थापन गरेका थिए।

नेपाल राष्ट्रिय मारवाडी महिला संगठन, केन्द्रीय अध्यक्ष निर्मला जोशी, नेपाल राष्ट्रिय मारवाडी परिषदका सचिव उमेश डालमिया, मारवाडी सेवा समिति बिर्तामोडका संस्थापक अध्यक्ष वेदप्रकाश अग्रवाल र अग्रसेन भवन बिर्तामोडका संस्थापक अध्यक्ष सुरेश वंशलसहित सहभागीहरुले स्वागतद्वारमा मोनिका सिंघलको स्वागत गरेका थिए।

अग्रसेन भवन बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'ले व्यक्तित्व परिचयसहित स्वागत मन्तव्य राखेको कार्यक्रममा मारवाडी सेवा समिति बिर्तामोडका अध्यक्ष मोहन मितल, अग्रसेन भवनका उपाध्यक्ष रमेश अग्रवाल, सचिव दिपेन्द्र मितल, महिला मंच अध्यक्ष निलम अग्रवाल,युवा मंच अध्यक्ष रिषभ मितल, युवती मंच संयोजक रिचा मंगल, नेपाल अग्रवाल महिला मंच अध्यक्ष दिपा खेडिया,माहेश्वरी समाज अध्यक्ष महेश चितलांगिया, माहेश्वरी महिला मंचबाट सुधा तोषनीवाल, ब्राम्हण समाजबाट सत्यनारायण शर्मा, जैन समाजका राजीव जैनबाट नेपाली कलाकृति सामग्रीबाट ,जीवन प्रदर्शक मोनिका सिंघलको भव्य स्वागत सम्मान गरिएको थियो।



मारवाडी महिला मंच भद्रपुरकी अर्चना मितलको सानिध्यतामा लगभग ३ घन्टासम्म संचालन भएको सेसनमा गुरुमाताबाट पारस्परिक प्रेम, सद्भाव र सहयोगी भावनाको विकास, पारिवारिक सम्बन्धमा मधुरता, प्राकृतिक श्रोत साधनका फाईदाहरू ,मनुष्यको दिनचर्या, मनःस्थितिबाट स्वास्थ्य स्थितिमा सुधारका उपायहरू र मानसिक शान्तिका उपायहरू प्रस्तुत भएको थियो।मारवाडी युवती मंच संयोजक रिचा मंगलले संचालन गरेको कार्यक्रममा धन्यवाद ज्ञापन महिला मंच अध्यक्ष निलम अग्रवाल गरेकी थिइन्। स्रोतावर्गको स्वागत , नेपाल अग्रवाल महिला मंचबाट परम्परागत रुपमा भएको कार्यक्रममा अन्य समुदायको पनि उल्लेख्य उपस्थिति रहेको थियो।

# मोटरसाइकल दुर्घटनामा असई भण्डारी गंभीर घाइते

झापा(प्रस)। झापाको बुद्धशान्तिमा भएको मोटरसाइकल दुर्घटनामा इलाममा कार्यरत एकजना प्रहरी सहायक निरीक्षक(असई) गंभीर घाइते भएका छन्। बिहीवार राति अन्दाजी ८ बजे बुद्धशान्ति गाउँपालिका वडा नम्वर -३ कालीखोलास्थित मेची राजमार्गमा इलामबाट बुधबारेतर्फ आउँदै गरेको प्र १-०२ ०४५ प ५०७४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा प्रहरी सहायक निरीक्षक ४७ वर्षीय अनिलप्रसाद भण्डारी गंभीर घाइते भएका हुन्। प्रहरी चौकी जौवारी इलाममा कार्यरत मोटरसाइकल चालक झापा गौरादह जुरोपानी बस्ने भण्डारीको टाउकोमा गंभीर चोट लागेको छ। अचेत अबस्थाका भण्डारीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा भर्ना गरिएको छ। उनको भेन्टिलेटरमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ। मोटरसाइकल इलाका प्रहरी कार्यालय बुधबारेको नियन्त्रणमा रहेको छ।

# मेचीनगरका शर्मा काठमाण्डौबाट पक्राउ

झापा(प्रस)। बैंकिङ कसुर मुद्धाका फरार प्रतिवादी झापा मेचीनगरका गुञ्जन शर्मा काठमाण्डौबाट पक्राउ परेका छन्।

मेचीनगर नगरपालिका वडा नम्बर ९ घर भई हाल काठमाण्डौ महानगरपालिका वडा नम्बर ४ महाराजगंजमा बस्दै आएका ४२ वर्षीय शर्मालाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले बिहीवार बिहान अन्दाजी ७:३० बजे काठमाण्डौ टोखा नगरपालिका वडा



नम्बर ३ ग्राण्डी टावरबाट पक्राउ गरेको हो। उनलाई बिहीवार साँझ ७:१० बजे जिल्ला प्रहरी कार्यालय झापामा ल्याई थप अनुसन्धान कार्य जारी रहेको डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए।

मिति २०७९ चैत १५ गते उच्च अदालत बिराटनगर इलाम इजलासले शर्मालाई ८ दिन कैद र ५४ लाख ९४ हजार ९०० रुपैयाँ जरिवाना तोकेको थियो। तर, मिति २०८० जेठ ८ गते पाटन जिल्ला अदालतले एक दिन कैद र १ लाख ८५ हजार रुपैयाँ जरिवानासहितको फैसला सुनाएको थियो।

## हात्तीको आक्रमणबाट मोरङमा महिलाको मृत्यु

झापा(प्रस)। जंगलमा दाउरा खोज्न गएकी एक महिलाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ। मोरङको सुन्दरहरैचा नगरपालिका-७ स्थित सृजना सामुदायिक वन उपभोक्ता समितिको जंगलमा दाउरा खोज्न गएकी ४० वर्षीया गंगा श्रेष्ठलाई शुक्रबार बिहान हात्तीले आक्रमण गरेको प्रहरीले जनाएको छ।

हात्तीको आक्रमणबाट गम्भीर घाइते भएकी श्रेष्ठलाई उपचारका लागि विराटनगर नोबेल अस्पताल पठाएको थियो। अस्पताल पुर्‍याउनेवित्तिकै उनलाई चिकित्सकले मृत घोषणा गरेका थिए।




# चर्च ब्वाइज झापा कपको फाइनलमा प्रवेश

बिर्तामोड(प्रस)। सिरहाको सलहेश युवा क्लबमाथि १-० को कठिन जित हात पार्दै लिग लिडर चर्च ब्वाइज युनाइटेड झापाको बिर्तामोडमा संचालन भइरहेको झापा कपको फाइनलमा प्रवेश गरेको छ।




चर्च ब्वाइजले जितसँगै कम्तिमा ५ लाख रुपैयाँ पुरस्कार सुरक्षित गरेको छ। चर्चको जितका लागि एक मात्र गोल विदेशी खेलाडीको नाममा रह्यो।

खेलको ८१ औँ मिनेटमा विदेशी खेलाडी अर्मन्डको एक मात्र गोलले चर्चले फाइनल प्रवेशको ढोका खोलेको थियो। सलहेशका दुई डिफेन्डरलाई बिट गर्दै अर्मन्डले दायाँ बार च्यापेर गरेको प्रहारले जाली चुमेको थियो।

टिमका केही पहिलो रोजाइका खेलाडीबिनै मैदानमा उत्रिएको चर्च ब्वाइजले खेल अवधिभर सलहेशको दबाब भ्केलेको थियो। विपक्षी पोस्टमा आक्रमण गर्न नसके पनि खेलको अन्तिमतिर चर्च लयमा फर्किएको थियो।

चर्चका पहिलो रोजाइका खेलाडी अनन्त तामाङ, मनिष जर्घा मगर र एरिक विष्टबिनै मैदानमा उत्रिएको चर्च सलहेशको चर्को दबाबमा परेको थियो।

सलहेशले खेल अवधिभर चर्चलाई दबाबमा राखे पनि स्कोर भने निकाल्न सकेन। खेलको १२ औँ मिनेटमा सलहेशका अभि लामाले चर्च ब्वाइजका दुईजना डिफेन्डरलाई बिट गर्दै गरेको प्रहार सफल हुन सकेन।

खेलको ५२ औँ मिनेटमा प्रदिप लामाको प्रहार चर्च ब्वाइजका गोलरक्षक क्रिशल मोक्तानले पञ्च गरेर बचाए। ६९ औँ मिनेटमा अभि लामाको दोस्रो प्रहार विफल हुँदा सलहेश सेमिफाइनलबाटै घर फर्किएको छ।

खेलको प्लेयर अफ द म्याच विजयी टिम चर्च ब्वाइजका गोलकर्ता अर्मन्ड भए। उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए।

शनिबारको अन्तिम सेमिफाइनल खेल राष्ट्रिय जागृति क्लब सुनसरी र एनआरटी क्लब काठमाडौंबीच हुनेछ।

प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए।

प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन्। प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ।

प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए।

प्रतियोगितालाई रोमाञ्चक बनाउँदै प्रोत्साहित गर्न बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई हिमस्टार टिभी प्रदान गर्दै आएको छ।

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१-०९-०६

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०७औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०८औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगतजमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः गरामनी**<br>**ऋणी** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, भद्रपुर न.पा उद्योग विकास शाखा भद्रपुर, झापामा मिति २०७४/०५/२८ मा प्रा.फा.नं. १४३/२२८/१३४७९ अन्तरगत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वार्ड न.०३ मा अवस्थित **बादल होटल एण्ड लज** ।<br>**ऋणी/धितोजमानतकर्ता**: मधु कार्कीकी छोरी, गोपाल प्रसाद आचार्यकी पत्नी, नागरिकता वमोजिम झापा जिल्ला, जलथल गा.बि.स वडा न. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने मिति २०५९/०६/०६ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०५३११४४ भएकी **विमला आचार्य** । | **व्यवसायिक आवधिक कर्जा**<br><br>**आवास कर्जा** | १) विमला आचार्यको नाममा भूमिसुधार तथा मालपोत कार्यलय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ७ स्थित कि. नं. ६९५ को क्षेत्रफल १६९.३० ((व.मि) भएको जग्गा र सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानीकर्ता** :<br>नाम :- गोपाल प्रसाद आचार्य<br>बाबू :- तुलसी प्रसाद आचार्य<br>बाजे :- दल बहादुर आचार्य<br>ना प्र न :३५४११७ (२०५०/१२/०४झापा)<br>ठेगाना :- झापा जिल्ला, जलथल गा.बि.स वडा न. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं.३ बस्ने विर्तामोड नगरपालिका, वडा नं.३ | **व्यक्तिगत जमानीकर्ता**:<br>नाम :- निरज आचार्य<br>बाबू :- गोपाल प्रसाद आचार्य<br>बाजे :- तुलसी प्रसाद आचार्य<br>ना प्र नं:- ०४-०१-७३-०६६८७ (झापा)<br>ठेगानाः-झापा जिल्ला, विर्तामोड न.पा. वडा न. २ स्थायी ठेगाना भै हाल झापा जिल्ला, | | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बिचौलिया मालामाल

किसान जहिल्यै मारमा परिरहेका हुन्छन् । राज्यको उपेक्षा छँदैछ, अरुबाट समेत ठगिएका छन् । नेपालीको भान्सा महँगिनुको प्रमुख कारण तरकारीको महँगी पनि हो । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले तरकारीको मूल्यवृद्धि ३३.९९ प्रतिशतले बढेको देखाएको छ । जुन गत वर्षको तुलनामा अस्वाभाविक रूपमा उच्च हो । यो तथ्यांकले दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले आम नेपालीको जीवनयापन कठिन बन्दै गएको संकेत गर्छ । गोलभेंडाको मूल्य प्रतिकिलो १३० रुपैयाँभन्दा तल झरेको छैन भने केराउको मूल्य प्रतिकेजी १७० रुपैयाँसम्म पुगेको छ । यस्तो अस्वाभाविक मूल्यवृद्धिको पछाडि बिचौलियाहरूको बलियो जालो प्रमुख कारक हो । तरकारी बजारमा बिचौलियाको जालो नराम्ररी जकडिएको छ ।

किसानले उत्पादन गरेको तरकारी सिधै उपभोक्तासम्म पुग्न नसक्दा बिचौलियाहरूले मनपरी मूल्य तोक्ने गरेका छन् । किसानबाट अत्यन्त न्यून मूल्यमा खरिद गरिएको तरकारी उपभोक्तासम्म पुग्दा कैयौं गुणा महँगो हुने गरेको छ । यसले एकातिर किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने अर्कोतिर उपभोक्ता महँगीको मारमा परेका छन् । तरकारी उत्पादन र बिक्री वितरणको शृंखलामा बिचौलियाहरूको वर्चस्व हटाउन सरकारले कुनै पहल गरेको देखिँदैन ।

सरकारको कमजोर बजार अनुगमन र नियमनले पनि यो समस्या बढ्दै गएको हो । सरकारी निकायको प्रभावकारी अनुगमन र नियमनको अभावमा व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरी मूल्य बढाउने गरेका छन् । यसका साथै खुला सिमानाको फाइदा उठाउँदै विषादीयुक्त तरकारी सस्तो मूल्यमा नेपाल ल्याएर किसानको उत्पादनमा चुनौती दिने काम पनि भइरहेको छ ।

नेपालको कृषि क्षेत्रको यो जटिल समस्या समाधानका लागि सरकारले बिचौलिया हटाउनु मुख्य कार्य हो । सर्वप्रथम, सरकारले किसान र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापना गर्न हाटबजार र कृषि बजारको विकास गर्नुपर्छ । यो कुरा वर्षौंदेखि उठे पनि सरकारले बेवास्ता गर्दै आएको छ । त्यसको कार्यान्वयन गर्न सरकारले उदासीनता देखाउनु हुँदैन । कृत्रिम अभाव सिर्जना गर्ने, कार्टेलिङ गर्ने र कालोबजारी गर्ने व्यापारीहरूमाथि कडा कारबाही गर्नुपर्छ । बिचौलियाको जालो तोड्न सरकार, किसान र उपभोक्ता सबै मिलेर काम गर्नु जरुरी छ । अन्यथा यो समस्या झनै जटिल बन्दै जानेछ र यसको मार आमनेपालीले भोग्नुपर्ने अवस्था सिर्जना हुनेछ ।

# शिक्षा नीतिको स्थानीयकरण



• धनसूदन चौलागाई

मुलुकको आवश्यकता अनुकूल शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न के गर्ने र के नगर्ने भनी सरकारले अख्तियार गर्ने नीति नै शिक्षा नीति हो । सरकारको शिक्षासम्बन्धी दृष्टिकोण र मार्गचित्र हो । बृहत् रूपमा शिक्षा नीति र यसलाई कार्यान्वयन गर्न बनाइएका ऐन, नियम, मापदण्ड योजना, रणनीति र कार्यढाँचालाई पनि शिक्षा नीतिका रूपमा लिन सकिन्छ । मुलुक संघीय प्रणालीमा गएपछि तीन तहका सरकारले नीति र योजनाको निर्माण र कार्यान्वयन गर्न सक्ने संवैधानिक र कानुनी व्यवस्था छ । राष्ट्रियस्तरका नीति र मापदण्डको तर्जुमा गरी प्रदेश र स्थानीय तहलाई संघीय सरकारले मार्गदर्शन गर्छ । राष्ट्रिय नीति र मापदण्ड अनुसरण तथा सो अनुकूल स्थानीय आवश्यकता र सम्भावना अनुरूप नीति तर्जुमा र कार्यान्वयन गर्ने दायित्व प्रदेश र स्थानीय तहको हो । प्रदेशले बनाएका नीतिको समेत अनुसरण गर्नु स्थानीय तहको दायित्व हो । राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिको कार्यान्वयन हुने स्थानीय तहबाट हो ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हक र राज्यको दायित्वका रूपमा अङ्गीकार गरेको छ । यसलाई सारभूत रूपमा कार्य रूपमा लैजान नेपाल सरकारले शिक्षा नीति, २०७६ तर्जुमा गरेको छ । यो संघीय गणतन्त्र नेपालको शैक्षिक व्यवस्थापनको मार्गदर्शक नीति हो । यसले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य लिएको छ । यसमा आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक, जीवनपर्यन्त, परम्परागत र खुला शिक्षा, समावेशी र खुला शिक्षा, शैक्षिक सुशासन, शिक्षामा गुणस्तर, लगानी र कार्यान्वयन जिम्मेवारीलगायत नीति रहेका छन् । संघ, प्रदेश र स्थानीय तहले शिक्षासम्बन्धी अन्य नीति, योजना र कार्यक्रम तय गर्दा यस नीतिको अनुसरण गर्नुपर्ने हुन्छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१५ मा पारित गरेको दिगो विकास लक्ष्य (२०१६-२०३०) मा नेपाल सरकारले सहमति जनाएकाले दिगो विकास लक्ष्य नेपालका लागि राष्ट्रिय नीतिसरह छ । यसको लक्ष्य नं. ४ शिक्षासँग सम्बन्धित छ । यसका लागि नेपालले राष्ट्रिय कार्यढाँचा बनाएको छ । आवधिक योजनामा रहेका शिक्षासम्बन्धी लक्ष्य, उद्देश्य र रणनीति पनि शिक्षासम्बन्धी नीति हुन् । विगत केही वर्षदेखि क्षेत्रगत योजनाको रूपमा विद्यालय शिक्षासम्बन्धी योजना निर्माण र कार्यान्वयन हुँदै आएको छ । हाल विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा छ । मानव संसाधन विकासको आधारशिलाका रूपमा रहेको विद्यालय शिक्षामा पहुँच, सहभागिता, गुणस्तर, सान्दर्भिकता र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र सुशासन प्रवर्धन तथा प्रभावकारी सेवा प्रवाह यसका प्रमुख उद्देश्य रहेका छन् ।

राष्ट्रिय शिक्षा नीति, आवधिक योजना, दिगो विकास लक्ष्य र विद्यालय शिक्षा क्षेत्र योजनाका नीति, लक्ष्य र गन्तव्यबारे स्थानीय सरोकारवालाबिच पर्याप्त प्रबोधीकरण हुन सकेको पाइँदैन । कतिपय नीतिगत दस्तावेज पहिला अङ्ग्रेजीमा मात्र तयार हुने र अन्त्यतिर मात्र नेपाली भाषामा तयारी गरिने हुनाले यसलाई बोधगम्य बनाउन सकिएको पाइँदैन ।

शिक्षा नीतिको आवश्यकता, महत्व र औचित्यबारे पर्याप्त सञ्चार हुन सकेको पाइँदैन । यी राष्ट्रिय नीतिसँग प्रदेश र स्थानीय नीतिको र प्रदेशका नीतिसँग स्थानीय नीतिको सामञ्जस्यता हुनु पर्छ । यी सबै नीति कार्यान्वयनको माध्यम विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना र कार्यान्वयनस्थल विद्यालय हो । विद्यालय शिक्षासम्बन्धी सबै नीति, रणनीति र योजना कार्यान्वयनको मुख्यद्वार नै विद्यालय हो । कार्यान्वयनको नेतृत्व गर्ने स्थानीय तहले हो । विद्यालयलाई प्रभावकारी बनाउने व्यवस्थापन समितिले हो । विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय नीतिबारे शिक्षक, व्यवस्थापन समिति र स्थानीय तह पूर्ण रूपमा जानकार हुनु पर्छ । शिक्षा नीति तथा योजनाबारे स्थानीय तहका जनप्रतिनिधिलाई पर्याप्त जानकारी र शिक्षा सम्बद्ध कर्मचारीको अपेक्षित रूपमा क्षमता विकास हुन सकेको पाइँदैन । विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकासका कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुन सकेका छैनन् । जबसम्म कार्यान्वयन तहसम्म नीतिको प्रभावकारी रूपमा सञ्चार हुँदैन तबसम्म स्थानीय नीति, योजना र कार्यक्रममा राष्ट्रिय नीतिको आन्तरिकीकरण हुँदैन र नीतिमा स्थानीय सरोकारवालाको अपनत्व भाव हुँदैन । नीति कार्यान्वयनका लागि कार्यान्वयन तहका संयन्त्रको निर्माण र क्रियाशील बनाउन या त सकिँदैन या विलम्ब हुन्छ । नीति कार्यान्वयनका लागि स्थानीय तत्परता, सहभागिता र स्रोतको परिचालन हुँदैन । फलतः नीतिको स्थानीयकरण हुँदैन । स्थानीयकरणबिनाका नीति प्रभावकारी रूपमा कार्यान्वयन हुँदैनन् । नीति कार्यान्वयनका लागि गरिएको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुँदैन र नीति वाष्पीकरणको सम्भावना बढ्दै जान्छ ।

शिक्षासम्बन्धी राष्ट्रिय नीतिलाई प्रदेश र स्थानीय तहका नीति, योजना र कार्यक्रममा आन्तरिकीकरण र समन्वयात्मक रूपमा कार्यान्वयन गर्दै शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गर्न शिक्षा नीतिबारे कार्यान्वयन तहमा पर्याप्त सञ्चार, तत्परता र स्थानीय स्रोत परिचालन अपरिहार्य छ । यसका लागि शिक्षासम्बन्धी कुनै पनि राष्ट्रिय नीतिको तर्जुमा गर्दा स्थानीय सरोकारवालासँगको पर्याप्त छलफल र सहभागितामा गर्ने व्यवस्था गर्नु पर्छ । नीति, रणनीति वा योजना स्वीकृत भइसकेपछि सबै प्रदेश र स्थानीय तहबाट सहभागी गराई यसको प्रबोधीकरण गर्नु पर्छ । नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अन्तरतह नीति समन्वय र अन्तरसम्बन्धबारे स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका कार्यक्रम पर्याप्त मात्रामा र निरन्तर सञ्चालन गर्नु पर्छ । यसरी संघीय र प्रदेश तहबाट निर्माण भएका नीतिबारे प्रबोधीकरण भइसकेपछि स्थानीय तहले सम्बद्ध महाशाखा, शाखासमेत सहभागी गराई अभिमुखीकरण गर्ने र शिक्षासम्बन्धी राष्ट्रिय नीतिका विषय आफ्ना आवधिक योजना तथा वार्षिक कार्यक्रममा आन्तरिकीकरण गर्ने व्यवस्था गर्नु पर्छ । त्यस्तै सम्पूर्ण विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि अभिमुखीकरण सञ्चालन गर्ने, शिक्षा नीतिका प्रावधान विद्यालय सुधार योजनामा आन्तरिकीकरण गर्न लगाउने र योजना प्रभावकारी कार्यान्वयनको व्यवस्था र सोको अनुगमन, पृष्ठपोषण र सहजीकरण गर्नु पर्छ । सबै नीति वा योजना प्रारम्भदेखि नै नेपाली भाषामा तयार गरी सबै सरोकारवालाको सहज पहुँच स्थापित गर्नु पर्छ । राष्ट्रिय नीति तथा योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र प्रतिवेदन तथा समन्वयका लागि प्रदेश र स्थानीय तहमा जिम्मेवार शाखा र कर्मचारी तोकी जिम्मेवारी दिनु पर्छ । ग्रामीण, दुर्गम, प्रविधिको सहज पहुँच नभएका र यसको प्रयोगमा अभ्यस्त भइनसकेका ठाउँका लागि मुद्रित प्रति तयार गरी अभिमुखीकरणकै समयमा पुऱ्याउने व्यवस्था मिलाउनु पर्छ । नीतिका प्रावधानबारे अनलाइन तथा सञ्चार माध्यमबाट नियमित सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्छ । तीन वटै तहबाट नीति कार्यान्वयनको नियमित अनुगमन, पृष्ठपोषण र आवधिक समीक्षा गरी सुधार र परिमार्जन गर्नु पर्छ । यी कार्य पारस्परिक सहयोग र समन्वयबाट गर्नु पर्छ ।

अन्त्यमा दक्ष मानव संसाधनको विकासमार्फत विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न तर्जुमा गरिने शिक्षा नीतिको सार्थकता यसको प्रभावकारी र नतिजामूलक कार्यान्वयनमा रहन्छ । यसका लागि स्थानीय शिक्षा नीति, योजना र कार्यक्रममा राष्ट्रिय नीतिको आन्तरिकीकरण, स्थानीय सरोकारवालाबिच नीतिको सञ्चार, उनीहरूको सहभागिता, तत्परता, अपनत्वभाव र स्थानीय स्रोत परिचालन हुन अपरिहार्य छ ।

# इमानदार प्रयास अपेक्षित



• बेनीबहादुर कार्की

नेपाल कसरी बनाउन सकिन्छ भन्ने चिन्ता र चासो अहिले नेपाली जनतामा व्याप्त छ । समुद्रमा पानी धेरै बगिसकेको छ । नेपालमा दोस्रो पटक बहुदल आएको ३५ वर्ष भइसक्यो । यसबाट भएन भनेर नेपाली जनताले संघर्षका साथ धेरैले ज्यानसमेत बलिदान दिएर नेपालमा पहिलो पटक ल्याएको गणतन्त्र पनि १८ वर्ष हुन लागेको छ । यति गर्दा पनि अहिलेसम्म मुलुकले विकासको ठोस गन्तव्यको बाटो समातेको देखिँदैन । मुलुक अस्थिरताको सिकार बनेको छ । जनतामा निराशा छाएको छ । रोजगारी र गुणस्तरीय शिक्षाको अभावले दैनिक दुई हजारको हाराहारीमा युवाजनशक्ति विदेश गइरहेका छन् । अब यो सङ्ख्या करोडको हाराहारीमा पुग्न लागेको चर्चा छ । हालसम्म कुल २६ खर्बभन्दा धेरै ऋणको भार नेपालीको टाउकोमा परिसकेको छ । यो ऋण यसरी तिर्ने भन्ने बारेमा सरकारले भन्न सक्ने अवस्था पनि देखिँदैन । ब्याज मात्र तिर्न धौ धौ परेको अवस्था छ । यही भएर मित्रराष्ट्रले अनुदान र ऋणसमेत पत्याउन मुस्किल परेको परिदृश्य देखिन लागेको छ । अहिलेसम्म आएको अनुदान र ऋणको सही उपयोग नभएको देखेर यो अवस्था आएको राजनीतिक विश्लेषकको भनाइ सञ्चार माध्यममा आएको देखिन्छ, सुनिन्छ । मौजुदा यी समस्या र भनाइको समाधानका उपायको बारेमा अहिलेसम्म कहीँ कतैबाट ठोस रूपमा आएको देखिँदैन । अहिले आमनेपाली जनताको चिन्ता र चासो यही भएको छ र यो सबैले चिन्ता गर्नुपर्ने विषय पनि हो । यही चिन्ता र चासोलाई चिर्न निम्न अनुसारका काम आजैदेखि गर्न सुरु गरेमा नेपाल बनाउन सकिन्छ भन्ने दृढ विश्वास छ :

### कृषि उत्पादकत्व वृद्धिमा जोड

नेपाल कृषिप्रधान मुलुक हो । सरकारले पनि यो यथार्थलाई सधैँ स्वीकारेकै छ । यसो भएकाले जसको र जुन सरकार आए पनि यसमा कुनै फरक पर्दैन । जुन सरकार आए पनि आँखा चिम्लेर कृषिमा जोड दिनुको विकल्प छैन । पहिले भारत र कोरियालाई समेत अन्न निर्यात गरेको नेपाल अहिले अर्बौंको चामल भारतसमेतका देशबाट आयात गरिरहँदा यसबारे हामीले चिन्ता र चासो लिएर कृषि उत्पादकत्व वृद्धिको काम सुरु नगर्नु विडम्बना भएको छ । प्रत्यक्ष र परोक्ष रूपमा अधिकांश नेपाली कृषिमै निर्भर रहेको सत्य हो । विकासको पहिलो र प्रचुर सम्भावना पनि कृषि क्षेत्रको उत्पादन वृद्धिबाटै सम्भावना भएकोमा पनि दुईमत नहोला । दिनानुदिन युवा जनशक्ति पलायन भइरहेकाले नेपालमा भएको जमिन पनि बाँझो रहने अवस्था हुन लागेको छ । नेपालमा वृद्धवृद्धाको मात्र बास हुने अवस्था सिर्जना भएको छ । त्यसैले यो क्रमलाई तत्काल रोक्न नेपाल सरकारले नीति ल्याएर नेपालमा भएको जमिनलाई समग्रमा उर्बर बनाउने हो भने अहिलेको पाँच गुणासम्म उब्जाउन सम्भव छ र नेपाल आत्मनिर्भर हुन सक्छ । यसका लागि उन्नत खेती गर्न आवश्यक छ । समग्रमा सरकारले उन्नत बिउबीजन, मल, खाद्य सिँचाइ र प्रविधिमा जोड दिन आवश्यक छ । अहिलेकै झैँ उहिलेको प्रविधिबाट खेती गरेर सम्भव हुँदैन । यही प्रविधिबाट त उही कट्ठे मन मात्र हो । अहिलेसम्म यता सरकारसमेत कसैले ध्यान दिएको छैन । यो सोच नल्याएसम्म नेपालले सही रूपमा विकास गर्नै सक्दैन । अहिलेको समस्या झन् झन् खाडल बनेर जाने छ । त्यसैले सरकार र नेपाली जनता मिलेर कृषि उत्पादकत्वमा जोड दिँदै अन्न, तरकारी र फलफूलमा हामी आत्मनिर्भर हुन सके मात्र नेपालले विकासमा फड्को मार्ने छ । यदि नेपाललाई आत्मनिर्भर बनाउने र विकासमा फड्को मार्ने हो भने पहिलो चरणमा कृषि उत्पादकत्वको वृद्धिको विकल्प छँदै छैन ।

### रोजगारीमा जोड

काम नपाएर संसारभरिका देशमा नेपाली पुग्न थालिसकेका छन् । किंकर्तव्यविमूढको अवस्थामा युवा जनशक्ति पुगेको छ । केही नलागेर भारत र खाडी मुलुकमा समेत गएर ज्यान जोखिममा पारेर भए पनि काम गरिरहेका अवस्था छ । कतिले ज्यानै गुमाइसकेका छन् भने कतिले दर्दनाक अवस्थामा जीवन बिताइरहेका छन् । यो विषयमा सरकार तत्कालै गम्भीर हुन जरुरी छ । यो अवस्थाको तत्कालै समाधान खोज्न आवश्यक छ । यसको समाधान भनेकै रोजगारी सिर्जना गर्नु हो । रोजगारीको प्रचुर र सजिलै सम्भावना भएको क्षेत्र भनेकै कृषि हो भन्ने तथ्य माथि नै भनिसकिएको छ । त्यसैले कृषि क्षेत्रबाट लाखौँ रोजगारी सिर्जना गरेर बिदेसिएका युवा जनशक्तिलाई स्वदेशमै फर्काउन सकिन्छ । विदेश कोही रहरले गएकै होइनन् । विदेश जानु बाध्यता हो । रोजगारीको अभाव हो । यसको समाधान नगरी मुलुकमा विकास सम्भव हुँदैन र स्थिरता र शान्ति पनि सम्भव देखिँदैन । त्यसो भएकाले वर्तमान राजनीतिक नेतृत्वले स्तरीय र स्थायी रोजगारीको व्यवस्था गर्न अपरिहार्य छ । प्रधानमन्त्री रोजगार जस्ता टालटुले रोजगारीले अहिलेको भिमकाया रोजगारीको समस्या समाधान हुन सम्भव देखिँदैन । वर्तमान जल्दोबल्दो समस्याको समाधान गर्न सरकारले शीघ्राति शीघ्र कृषिमा समेत रोजगारी सिर्जना गर्न अपरिहार्य भइसकेको छ ।

### गुणस्तरीय शिक्षाको व्यवस्था

जुनसुकै देश विकासको आधार स्तम्भ भनेकै शिक्षा हो । अहिले नेपालको जल्दो बल्दो समस्या भनेकै गुणस्तरीय शिक्षाको अभाव भएको छ । यही भएकाले मध्यम स्तरीय जनशक्ति भारत र खाडी मुलुकमा र उच्चस्तरीय जनशक्ति अमेरिका, क्यानडा, बेलायत र अस्ट्रेलियासमेतमा गुणस्तरीय शिक्षा लिनका लागि गएर शिक्षा ग्रहणपछि पनि उतै काम गर्ने प्रवृत्ति पाइएको छ । यसको निदानका लागि पर्याप्त रोजगारीको सिर्जना र गुणस्तरीय शिक्षाको व्यवस्था गर्न जरुरी छ । यसो नगरेसम्म अहिले विदेश पलायन भइरहेका उच्च जनशक्ति स्वदेशमै रोक्न सम्भव छैन । अहिले नेपालमा शिक्षामा भइरहेको राजनीतीकरण नै गुणस्तरीय शिक्षामा बाधक बनेको शिक्षाविद्को भनाइ रहेको छ । त्यसैले शिक्षामा राजनीति बन्द गरेर शुद्ध शिक्षा दिने वातावरण बनाएर प्रविधिमैत्री र सिपमूलक शिक्षा दिने प्रणालीको विकास गर्न आवश्यक छ । यसो गरेमा शिक्षित जनशक्ति आत्मनिर्भर भएर नेपालमै काम गर्न सक्छन् । यस्तो अवस्थामा जागिरमा मात्र निर्भर हुनु पर्दैन । सिपमूलक क्षमतावान् जनशक्ति आफैँ आत्मनिर्भर भएर मासिक लाखौँ कमाउन सक्ने सम्भावना हुन्छ, यसो भएमा युवा पहिलेझैँ विदेश जान रोकिन्छन् । यति मात्र नभएर रोजगारी र स्तरीय सुविधा पाएमा विदेशी जनशक्तिसमेत नेपाल आएर काम गर्ने अवस्थासमेत सिर्जना हुने छ ।
अहिले नेपालका उच्चस्तरीय जनशक्तिलाई युरोपका धेरै मुलुकले फाइदा लिएर देश विकास गरिरहेका छन् । नेपालले पनि यसरी नै देश विकास गर्ने सोचका साथ शिक्षा दिने प्रणालीको व्यवस्था गर्न सकेमा नेपालले छोटै समयमा नसोचेको प्रगति र विकास गर्ने छ ।

### भ्रष्टाचार नियन्त्रण

नेपालमा भ्रष्टाचार बढेको आमगुनासो रहेको छ । भ्रष्टाचार नियन्त्रण नगरेसम्म मुलुकले अपेक्षाकृत विकास गर्न सम्भव हुँदैन । अहिले नेपालमा यही भएकाले अपेक्षित विकास हुन सकेको छैन । बजेटको न्यून रकम मात्र विकासमा खर्च भइरहेकाले समयमा काम पनि हुँदैन र भएको काम पनि गुणस्तरीय नभई टालटुले हुने गरेकाले नेपालको यो दुर्गति भएको व्यापक जनगुनासो रहेको पाइएको छ । त्यसैले नेपाल बनाउने हो भने हरेक नेपाली आफ्नो ठाउँमा इमानदार हुन जरुरी छ । अनि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ र नेपालले विकासमा चाँडै फड्को मार्न सम्भव हुन्छ । नेपालको साख जोगाउन पनि मुस्किल पर्ने भएको छ । यो नरोकेसम्म नेपालको वर्तमान जल्दोबल्दो समस्या समाधानको बाटो पनि देखिँदैन । त्यसैले भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक जिम्मेवारीमा रहनुभएका नेतृत्ववर्ग, राष्ट्रसेवक र सरकारी र निजी क्षेत्रमा काम गरिरहनुभएका सबैले हरपल इमानदार भएर काम गर्न जरुरी भइसकेको छ । सरकारले भ्रष्टाचारविरुद्ध कदम उठाएको पनि छ । त्यसलाई सबैले सहयोग र समर्थन गर्न पनि जरुरी छ ।

### सर्वोपरि जनविश्वास

राज्य सञ्चालनका लागि आवश्यक सबै तत्व भएर पनि जनविश्वास भएन भने सरकार चल्न सक्दैन भन्ने भनाइ राजनीति शास्त्रको छ । जुन हालै एसिया र संसारभरिमा भएका घटनाले समेतले पुष्टि गरिरहेको छ । नेपालको सन्दर्भमा पनि यो विषय गम्भीर छ । यसबारे सचेतताका साथ नेपाली जनताको हरहालतमा विश्वास लिने गरी सरकारले काम गर्न आवश्यक पर्छ । यो ज्यादै महत्वपूर्ण विषय भएकाले नेपाल सरकारका हरेक निकायमा रहेर काम गरिरहनुभएका सबैले नेपाली जनतालाई शिरमा राखेर आफ्नो दायित्व निर्वाह गरे मात्र आफूसमेत नेपाल र नेपालीको हित हुने छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अब नेपाली 'स्पोर्ट्स' जुत्तामा पनि गुणस्तर चिह्न !



झापा(प्रस) ।अब नेपाली जुत्तामा पनि गुणस्तर चिह्न 'एनएस' कायम हुने भएको छ। यस अन्तर्गत पहिलो चरणमा 'स्पोर्ट्स' जुत्तामा एनएस दिन थालिएको नेपाल नापतौल तथा गुणस्तर विभागले जनाएको छ।

नेपालमा निजी क्षेत्रको उपस्थितिमा चार दशक लामो समयदेखि व्यावसायिक जुत्ता उत्पादन भइरहेको छ। यसअघि कुनै पनि जुत्ता उद्योगले गुणस्तर चिह्न लिएका थिएनन्। अहिले उद्योगीहरूकै पहलमा विभागले गुणस्तर चिह्न दिन थालेको हो।

'पछिल्ला वर्षहरूमा उपभोक्ताले गुणस्तर चिह्न छ कि छैन भनेर खोज्न थालेका छन्। बजारीकरण र उपभोक्ताको विश्वास बढाउन उत्पादकहरू आफैले गुणस्तर चिह्न मागिरहेका छन्,' विभागका उपमहानिर्देशक प्रभातकुमार सिंहले भने, 'हामी स्पोर्टस् जुत्ताबाट यो काम सुरू गर्दैछौं।'

अहिलेसम्म यहीँ उत्पादन हुने मात्र होइन, आयात हुने धेरै वस्तुको पनि नेपालको गुणस्तर चिह्नबिना नै कारोबार भइरहेको छ। विभागले हालसम्म ७० वटा उत्पादनलाई मात्रै गुणस्तर चिह्न दिएको छ। यसको अर्थ, यीबाहेकका उत्पादन गुणस्तरहीन हुन् भन्ने चाहिँ होइन।

यीमध्ये १७ वटा उत्पादनलाई विभागले आफै अनिवार्य मानेर गुणस्तर चिह्न कायम गराएको छ। बाँकी अरू उत्पादककै पहलमा चिह्न कायम भएका हुन्।

व्यवसायी र सरकारी अधिकारीहरूका अनुसार एनएस चिह्नले मुख्यतया दुइटा अर्थ राख्छ। एउटा, उद्योगहरू नियमनमा बस्नुपर्ने हुन्छ। अर्थात, चिह्न लिने क्रममा उद्योगले जनाएको प्रतिबद्धता अनुसार वस्तुको गुणस्तर कायम गर्नुपर्छ। अब एनएस पाएका जुत्ताको हकमा पनि यही नियम लागू हुन्छ।

उद्योगहरूले जनाउनुपर्ने मुख्य प्रतिबद्धतामध्ये एउटा हो, विभागले तोकेको नेपाल गुणस्तर मापदण्ड पालना गरी उत्पादन र बिक्री वितरण गर्ने। यस क्रममा उद्योग स्वयंले उत्पादन प्रक्रिया, गुणस्तर व्यवस्थापकीय प्रणाली, उत्पादन तथा परीक्षण मेसिनरीको विषयमा विभागलाई जानकारी गराउनुपर्छ। सोही अनुसार पालना भयो कि भएन भनेर हेरिन्छ।

त्यस्तै विभागले इजाजत दिएको ब्रान्ड, आकार र सिरिज (शृंखला) मा मात्र चिह्न प्रयोग गर्ने प्रतिबद्धता उत्पादकले गर्नुपर्छ। विभागले गर्न निरीक्षण, वस्तु परीक्षणमा सहयोग र गुणस्तर निर्देशिका अनुरूप काम गर्ने पनि प्रतिबद्धता जनाउनुपर्छ। चिह्न भएको उत्पादनमा उजुरी वा गुनासो भएमा विभागले गरेको जाँच र छानबिनमा सहयोग गर्नुपर्छ। गुणस्तर सम्बन्धी कामका लागि उत्पादकले विशेष व्यक्ति नै राख्नुपर्छ।

अर्को अर्थ, यस्तो चिह्न पाएपछि सो वस्तुमा उपभोक्ताले विश्वास गर्ने आधार बलियो बन्छ। विश्वास नलागेको खण्डमा विभागमै उजुरी हाल्न सकिन्छ।

नेपाली जुत्तामा एनएस चिह्न भएपछि आयातीत जुत्ताको गुणस्तर कायम गर्न समेत सहज हुने नेपाल जुत्ता उत्पादक संघका अध्यक्ष रूद्र न्यौपाने बताउँछन्।

'हाम्रा जुत्तामा एनएस भएपछि आयातीतमा पनि कायम गर भन्ने अधिकार हुन्छ। अवैध आयात रोक्न पनि सहयोग पुग्छ,' उनले भने।

गत भदौदेखि विभागले जुत्तालाई गुणस्तर चिह्न दिने तयारी थालेको थियो। अहिलेसम्म एउटा उद्योगले गुणस्तर चिह्न माग गरेको विभागले जनाएको छ। अन्य उद्योग पनि चिह्न लिने तयारीमा छन्।

अहिले स्वदेशी उद्योगले जुत्ता बजारको ८० प्रतिशतभन्दा बढी माग धानिरहेका छन्। केही उद्योगले भारत र तेस्रो मुलुकमा पनि निर्यात गरेका छन्। खासगरी दुइटा उद्योग; गोल्डस्टार र म्याजिकले भारतमा धेरै निर्यात गरेका छन्। यी ब्रान्डका जुत्ताले भारतीय बजारमा विशेष पहिचान बनाएको उनीहरूको दाबी छ।

अरू उद्योगले पनि भारतमा जुत्ता निर्यात गर्ने योजना बनाएका छन्। एनएस चिह्न भएपछि निर्यातका लागि नयाँ अवसर खोलिने व्यवसायीहरू बताउँछन्।

विशेषगरी भारतजस्ता देशमा निर्यात गर्न गुणस्तर चिह्न चाहिन्छ। त्यस्तै भारतले आयातीत जुत्तामा भारतीय गुणस्तर चिह्न 'बिआइएस' लागू गर्ने तयारी गरेको छ। यो नियम लागू भए, भारतमा निर्यात गर्नुअघि भारतीय गुणस्तर हेर्ने निकायबाट चिह्न प्राप्त गर्नुपर्ने हुन्छ। अहिले सिमेन्ट, डन्डी लगायत उत्पादनमा यो व्यवस्था लागू भएको छ। एनएस भएपछि भारतीय गुणस्तर चिह्न लिने प्रक्रियामा सहयोग पुग्छ। अन्तर्राष्ट्रिय बजारको विश्वास बढाउन पनि सहज हुनेछ।

'जुत्तामा गुणस्तर चिह्न कायम हुनुपर्छ भन्ने माग हामी उत्पादककै हो। यसले उत्पादक र उपभोक्ताबीचको सम्बन्ध बलियो बनाउँछ,' नेपाल जुत्ता उत्पादक संघका अध्यक्ष न्यौपानेले भने।

हाल नेपालमा १५ सय वटाभन्दा बढी जुत्ता-चप्पल उद्योग छन्। यीमध्ये ६ वटा ठूला उद्योग हुन् भने मध्यम स्तरका २० वटाभन्दा बढी छन्। तीन सय वटा साना र १२ सय वटा लघु उद्योग छन्।

नेपाल जुत्ता उत्पादक संघका अनुसार यी सबैमा ४० अर्ब रूपैयाँभन्दा धेरै लगानी छ। यिनको वार्षिक क्षमता करिब १६ करोड जोडी जुत्ता-चप्पल उत्पादन गर्ने छ। अहिले सालाखाला सात करोड जोडी मात्रै उत्पादन हुन्छ। हालको कुल बजार माग वार्षिक साढे १० करोड जोडी छ। क्षमताअनुसार चल्ने हो भने स्वदेशी उद्योगले यो माग सहजै धानेर निर्यात समेत गर्न सक्ने संघको भनाइ छ।

एनएस चिह्न भए विश्व बजारमा ब्रान्डिङ गर्न सहयोग पुग्ने र निर्यात बढाएर पूर्ण क्षमतामा उद्योग चलाउन सकिने व्यवसायीहरूको विश्वास छ।

# मोटरसाइकल दुर्घटना असई भण्डारी गंभीर घाइते

झापा(प्रस)। झापाको बुद्धशान्तिमा भएको मोटरसाइकल दुर्घटनामा इलाममा कार्यरत एकजना प्रहरी सहायक निरीक्षक(असई) गंभीर घाइते भएका छन् । बिहीवार राति अन्दाजी ८ बजे बुद्धशान्ति गाउँपालिका वडा नम्वर -३ कालीखोलास्थित मेची राजमार्गमा इलामबाट बुधबारेतर्फ आउँदै गरेको प्र १-०२ ०४५ प ५०७४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा प्रहरी सहायक निरीक्षक ४७ वर्षीय अनिलप्रसाद भण्डारी गंभीर घाइते भएका हुन् । प्रहरी चौकी जौवारी इलाममा कार्यरत मोटरसाइकल चालक झापा गौरादह जुरोपानी बस्ने भण्डारीको टाउकोमा गंभीर चोट लागेको छ । अचेत अबस्थाका भण्डारीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा भर्ना गरिएको छ । उनको भेन्टिलेटरमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । मोटरसाइकल इलाका प्रहरी कार्यालय बुधबारेको नियन्त्रणमा रहेको छ ।

# ताप्लेजुङमा धान र मकै उत्पादन बढ्यो



झापा(प्रस) । ताप्लेजुङमा यसवर्ष खाद्यान्न बाली धान र मकै उत्पादनमा वृद्धि भएको छ । गतवर्षको तुलनामा यो वर्ष धान र मकै दुवै खाद्यान्न बाली उत्पादन वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्र ताप्लेजुङका अनुसार धान र मकै खेतीका लागि मौसम अनुकूल भएकाले उत्पादन वृद्धि भएको हो । कृषि ज्ञान केन्द्रका प्रमुख सन्तोष थापा मगरले यसवर्ष धान र मकै दुवै बाली उत्पादनमा वृद्धि भएको बताए । थापामगरका अनुसार यो वर्ष पाँच हजार ५५३ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो ।

उक्त क्षेत्रफल बराबरको खेतीबाट १५ हजार ८३२ मेट्रिकटन धान उत्पादन भएको उनले जानकारी दिए । त्यस्तै ११ हजार २१५ हेक्टर क्षेत्रफलमा खेती गरिएकोमा ४० हजार २७६ मेट्रिकटन मकै उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गतवर्ष पाँच हजार ५५३ हेक्टर क्षेत्रफलमै धान खेती गरिएकोमा १५ हजार ८२६ मेट्रिकटन मात्र उत्पादन भएको थियो । गतवर्ष भन्दा यो वर्ष छ मेट्रिकटन बढी धान उत्पादन भएको छ । यस्तै मकै बाली पनि गत वर्ष ११ हजार २१० हेक्टर क्षेत्रफलमा खेती गरिएकोमा ३९ हजार ९१८ मेट्रिकटन मात्र मकै उत्पादन भएको थियो ।

यसवर्ष खेती लगाउने समयमा वर्षा हुनुका साथै मौसम अनुकूल भएकाले गतवर्षको तुलनामा केही परिमाणमा धान उत्पादन वृद्धि भएको हो । त्यस्तै मकै बालीका पनि मौसम अनुकूल भएकाले उत्पादन वृद्धि भएको केन्द्रका प्रमुख थापामगरको भनाइ छ ।

# चौधरीको जन्मदिनमा राहत कोषमा सहयोग

झापा(प्रस)।युवा व्यवसायी दिवाकरलाल चौधरीले व्यवसायिक सदस्य राहत कोषमा सहयोग गर्दै बिर्तामोड उद्योग वाणिज्य संघमा आफ्नो जन्मदिन मनाएका छन् । उनले आफ्नो जन्मदिनको अवसर पारेर व्यवसायिक सदस्य राहत कोषमा २१ हजार नगद सहयोग गरेका हुन् । त्यस अवसरमा वाणिज्य संघले चौधरीको जन्मदिन मनाउनुका साथै उनलाई कदरपत्र प्रदान गरेको थियो । वाणिज्य संघले व्यवसायीको आपतबिपतमा सहयोग गर्ने उद्देश्यले एक करोड रुपैयाँको राहत कोष बनाउने लक्ष्य लिएको अध्यक्ष राजु न्यौपानेले बताए ।

# कार्यालय समयमा चिकित्सक नभेटिए कारबाही हुने



झापा(प्रस) । चिकित्सकहरु कार्यालय समयमा नभएको पाइए कारबाही गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयारी गरेको छ ।

मन्त्रालयले स्थापना गरेको गुनासो सुनुवाइ एकाइ हेल्लो स्वास्थ्य ११११५ मा कार्यालय समयमा चिकित्सक उपलब्ध नभएको गुनासो आएको भन्दै अटेर गरेको पाइए कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले मातहतका अधिकारीहरुलाई निर्देशन दिएका छन् । उनले यसअघि नै व्यवस्था गर्न भनिएको विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था मिलाउनका लागि समेत अधिकारीहरुलाई भनेका थिए ।

मन्त्री पौडेलले नियमित रुपमा हेल्लो स्वास्थ्यमा आएका गुनासाहरु सुन्दै सुधारका लागि अधिकारीहरुको ध्यानाकर्षण गराउँदै आएका छन् ।

यसलगत्तै मन्त्रालयले मातहतका सबै अस्पतालहरुमा पत्राचार गर्दै कार्यालय समयमा सेवा प्रवाह गरेको सुनिश्चितता गर्न भनेको छ ।

मन्त्रालयअन्तगतको गुणस्तर मापन तथा नियन्त्रण महाशाखाले मातहतका सबै कार्यालयमा पठाएको पत्रमा चिकित्सक एवं स्वास्थ्यकर्मीहरु कार्यालय समयमा कार्यकक्षमा रहि सेवा प्रवाहको व्यवस्था मिलाउन भनिएको छ ।

कार्यालय समयमा बाहिर जानु परे लगबुक राखेर मात्र जाने व्यवस्था मिलाउन पत्रमा भनिएको छ ।

मन्त्रालयले कार्यालयमा आउँदा र जाँदा अनिवार्य रुपमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाउनसमेत पत्रमा भनेको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्यकर्मी नभएको बारम्बारको गुनासोपछि पत्राचार गरिएको भन्दै अनुगमन पनि गर्ने बताए ।

# कामाटोली बजारमा सामुदायिक भवनको उद्घाटन

कुमरखोद(प्रस)। झापा गाउँपालिका वडा नं ३ को कामाटोली बजारमा निर्मित सामुदायिक भवनको उद्घाटन भएको छ । झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले एक कार्यक्रमकाबीच सामुदायिक भवनको उद्घाटन गरेकी हुन् । सो सामुदायिक भवन २०७९ फागुन १२ गते निवर्तमान अध्यक्ष जयनारायण शाहले शिलान्यास गरेका थिए । शिलान्यास भएको १८ महिनापछि १ करोड १ लाख ९५ हजार रुपैयाँको लागतमा भवन निर्माण सम्पन्न भएको दुर्गा मन्दिर समितिका अध्यक्ष सागीरथप्रसाद गणेशले बताए ।

उद्घाटन कार्यक्रममा वडा नं १ का अध्यक्ष राजकुमार यादव , वडा नं २ का हिमालकुमार चम्लागाई , वडा नं ३ का सुभाषलाल गणेश , वडा नं ७ का सखिचन्द्र ठाकुर ,झापा गाउँपालिका उद्योग वाणिज्य संघका अध्यक्ष सन्तोष नेपाल , कार्यपालिका सदस्य दिलिप विश्वकर्मा ,देवी अधिकारी , खड्गबहादुर बस्नेतलगायतको



उपस्थिति रहेको थियो ।

भवनको उद्घाटन भएसँगै स्थानीयवासी खुशी भएका छन् ।कामाटोली बजारमा कुनै पनि सभाहल नहुँदा कार्यक्रम गर्न समस्या रहेको थियो । अहिले भवन बनेपछि वैवाहिक समारोह र अन्य कार्यक्रम गर्न सहज भएको स्थानीय रुपा प्रधानले बताइन् ।

# रेडक्रस जलथलको सभापतिमा खरेल निर्वाचित

हल्दिबारी(प्रस) ।नेपाल रेडक्रस सोसाइटी जलथल उपशाखाको बिहीवार भएको निर्वाचनमा रेमप्रसाद खरेल सभापतिमा निर्वाचित भएका छन । त्यस्तै उपसभापतिमा पुण्यकुमारी लामिछाने ,सचिवमा नितेश शाह , कोषाध्यक्षमा बलराम गिरी निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।त्यसैगरी महिला सदस्यमा गितादेवी भण्डारी तथा खुल्ला



सदस्यहरुमा मनकुमार शर्मा , अग्निप्रसाद शिवाकोटी , रामप्रसाद पोखरेल र भानु भण्डारी निर्वाचित भएका छन।

त्यस्तै उपसचिवमा किशोर खतिवडा र उपकोषाध्यक्षमा बाल कृष्ण बेडारी निर्विरोध निर्वाचित भएका थिए ।जलथल उपशाखामा १००९ मतदाता रहेकोमा ६९६ मत खसेको थियो । वडा कार्यालयको प्राङ्गणमा भएको निर्वाचनमा दुई समूह बनाएर निर्वाचनमा उम्मेदवारहरु होमिएका थिए।कांग्रेस एमालेको गठबन्धनको नेतृत्व गर्दै उम्मेद्वारी दिएको रेमप्रसाद खरेलको टिम निर्वाचित भएको हो। उनको टिमले राप्रपा नेतृत्वको प्यानलका सभापति सुरेन्द्र बाह्रकोटीको टिमलाई पराजित गरेको हो।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।